Pittsburgh Public Schools

**Students first**

*Always, in all ways.*

Margaret Rudolph,
प्रमुख मानव संसाधन अधिकारी

341 South Bellefield Avenue
Pittsburgh, PA 15213

mrudolph1@pghschools.org
412-529-4357

सेप्टेम्बर 12, 2023

At the Pittsburgh Public Schools (PPS) मा हामी हाम्रा शिक्षक तथा अन्य कर्मचारीहरूले हाम्रा विधार्थीहरुलाई सफल बनाउन दैनिक गर्ने काम प्रति गौरव महसुस गर्छौं।  अभिभावकको रूपमा एभ्रि इस्टुडेन्ट सक्सिड्स ऐन (इएसएसए) अन्तर्गत तपाईंसँग आफ्नो बालबालिकालाई पढाई र हेरविचार गरिरहेका शिक्षक तथा कर्मचारीहरुको शैक्षिक योग्यता तथा परीक्षणकोबारे जानकारी माग्ने अधिकार रहेको छ।

**शिक्षक तथा पाराप्रोफेशनलका योग्यताहरू**

इएसएसए निर्देशिका अन्तर्गत आमाबाबुले निम्न जानकारी अनुरोध गर्न सक्नु हुन्छ:

- के मेरो बच्चाको शिक्षकसँग पेन्सिलभेनिया शिक्षा विभागबाट वहाँले पढाउने ग्रेड र विषयहरूको लाइसन्स छ?
- के मेरो बच्चाको शिक्षकले आपतकालीन वा अन्य अस्थायी प्रमाणीकरण अन्तर्गत पढाइरहनुभएको छ?
- मेरो बच्चाको शिक्षकसँग कुन कलेज मेजर/कुनै अन्य उच्च डिग्री वा प्रमाणपत्रहरू छन्?
- के मेरो बच्चाले प्यारा प्रोफेसनलहरूबाट सेवाहरू प्राप्त गर्दैछ र, यदि छ भने, वहाहरूको योग्यता के हो?

**मूल्यांकन जानकारी**

डिस्ट्रिक्ट मूल्यांकनबारे जानकारी हाल www.pghschools.org/assessment  मा अनलाइन उपलब्ध छ।  तथापि, आमाबाबु/अभिभावकहरूले परीक्षणबारे थप निम्न जानकारी अनुरोध गर्न सक्नुहुन्छ:

- परीक्षण गरिएको/मूल्याङ्कन गरिएको विषय वस्तु
- मूल्याङ्कनको उद्देश्य
- आवश्यकताको स्रोत
- विद्यार्थीहरूको परीक्षण गर्दा लाग्ने समय
- कसरी र कहिले अभिभावकले परिणाम प्राप्त गर्नेछन्
- परीक्षणबाट बाहिरिनका लागि प्रक्रियाहरू
- परीक्षणमा सहभागिता सम्बन्धी डिस्ट्रिक्टका नीतिहरू

माथिका जानकारी अनुरोध गर्नको लागि, कृपया अभिभावक हटलाइन, Pittsburgh Public Schools Service Center, 1305 Muriel Street, Pittsburgh, PA 15203 मा लिखित अनुरोध पठाउनुहोस्। कृपया आफ्नो बच्चाको नाम, स्कुल र होमरुम, साथै एउटा फोन नम्बर समावेश गर्नुहोला जसमा तपाईंलाई बिहान 8:00 बजे र दिउँसो 4:30 बजेको बीचमा सम्पर्क गर्न सकिनेछ।  तपाईंले हाम्रो अभिभावक हटलाइन टिमलाई 412-529-HELP (4359) मा सम्पर्क गरेर पनि आफ्नो अनुरोध राख्न सक्नुहुन्छ।

पिपिएसमा, हामी तपाईंको बच्चाले उच्च शिक्षा, क्यारियर र जीवनको लागि तयार रहन उच्च गुणस्तरको शिक्षा प्राप्त गर्ने सुनिश्चितता गर्न प्रतिबद्ध रहेका छौं।

भवदीय,

Margaret Rudolph
प्रमुख मानव संसाधन अधिकारी

Pittsburgh Public Schools ले आफ्ना कार्यक्रम, क्रियाकलाप वा रोजगारीहरूमा जाति, वर्ण, उमेर, सम्प्रदाय, धर्म, लिङ्ग (लैङ्गिक पहिचान वा अभिव्यक्तीलगायत), यौनिक झुकाव, पुर्खा, राष्ट्रिय मूल, वैवाहिक स्थिति, गर्भावस्था वा अपाङ्गताको आधारमा भेदभाव गर्दैन र तोकिएका युवा समूहहरूमा समान पहुँच उपलब्ध गराउँछ। सोधपुछ 341 S. Bellefield Avenue, Pittsburgh, PA 15213 वा (412) 529-HELP (4357) मा विद्यार्थी सेवाहरूको सहायक सुपरिटेन्डेन्टलाई निर्देशित गर्न सकिन्छ।

www.pghschools.org
अभिभावक हटलाइन:
412-529-HELP (4357)